# दार्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सल्यान  कर्णाली प्रदेश

सातौं गाउँ सभा

मिति : २०७७।३।१०

### उपस्थिति विवरण

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री निम वहादुर के.सी. | अध्यक्ष | | |
| २ | श्री टिका शर्मा वली | उपा ध्यक्ष | | |
| ३ | श्री अमृत खड्का | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री अमृता वि.क . | सभा सदस्य | | |
| ५ | श्री इन्द्र वहादुर थापा कामी | सभा सदस्य | | |
| ६ | श्री कवि कुमार चन्द | सभा सदस्य | | |
| ७ | श्री कमला कामी | सभा सदस्य | | |
| ८ | श्री चन्द्र वहादुर रावत | सभा सदस्य | | |
| ९ | श्री जय कलि वि.क. | सभा सदस्य | | |
| १० | श्री जुना मल्ल चन्द | सभा सदस्य | | |
| ११ | श्री टिउकी कामी | सभा सदस्य | | |
| १२ | श्री डिल्ली वहादुर के.सी. | सभा सदस्य | | |
| १३ | श्री दुर्गा वहादुर मल्ल | सभा सदस्य | | |
| १४ | श्री देवि खत्री | सभा सदस्य | | |
| १५ | श्री धन वहादुर वुढाथोकी | सभा सदस्य | | |
| १६ | श्री धनि राम नेपाली | सभा सदस्य | | |
| १७ | श्री धर्मे खत्री | सभा सदस्य | | |
| १८ | श्री निम वहादुर खड्का | सभा सदस्य | | |
| १९ | श्री पहल वहादुर खत्री | सभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २० | श्री पूतला खड्का रोकाय | सभा सदस्य | | |
| २१ | श्री पूष्पा सुनार | सभा सदस्य | | |
| २२ | श्री विमला खत्री | सभा सदस्य | | |
| २३ | श्री भूमा वि.क. | सभा सदस्य | | |
| २४ | श्री मन्जु शाहि | सभा सदस्य | | |
| २५ | श्री मोतिलाल वली | सभा सदस्य | | |
| २६ | श्री रत्न वहादुर विष्ट | सभा सदस्य | | |
| २७ | श्री राम वहादुर के.सी. | सभा सदस्य | | |
| २८ | श्री लोक वहादुर कामी | सभा सदस्य | | |
| २९ | श्री सन्ताराम कामी | सभा सदस्य | | |
| ३० | श्री सार्की खत्री | सभा सदस्य | | |
| ३१ | श्री सुदिप के.सी. | सभा सदस्य | | |
| ३२ | श्री सेति राम रोकाय | सभा सदस्य | | |
| ३३ | श्री हिरा खड्का | सभा सदस्य | | |
| ३४ | श्री इन्द्र बहादुर भण्डारी | सचिवालय सदस्य | | |
| ३५ | श्री खुम बहादुर के० सी० | ,, | | |
| ३६ | श्री शेर प्रसाद ढकाल | ,, | | |
| ३७ | श्री माधव के० सी० | ,, | | |
| ३८ | श्री दिपक कँवर | ,, | | |
| ३९ | श्री लोकेन्द्र विश्वकर्मा | कार्यालय सहयोगी | | |
| ४० | श्री विजय कुमार वली | सचिवालय सदस्य | | |
| ४१ | श्री टेमल्ल बहादुर थापा | क्र.५ | | |
| ४२ | | | | |

प्रस्तावहरु

१. आ.ब. २०७७/०७८ बजेट बक्तव्य /बजेट प्रस्ताव सम्बन्धमा

२. विविध सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा सातौ गरिमामय गाउँसभामा गाउँभामा गाउँपालिका उपाध्यक्ष श्री टीका शर्मा वलीज्यूबाट प्रस्तुत गरिएको आ.व. २०७७।०७८ को प्रस्तवित तपसिल अनुसार योजना कार्यक्रम तथा बजेट बक्तव्य प्रस्तुत गरियो । साथै बजेट बक्तव्य पारितको लागि थप अध्ययन गर्न ५ दिन समय दिने निर्णय गरियो ।

तपसिल

सातौं गाउँ सभाको बैठकमा मिति २०७७ असार १० गते बुधबार उपाध्यक्ष श्री टीका शर्मा, ओलीज्यूले प्रस्तुत गर्नुभएको बजेट वक्तव्य

दार्मा गाउँपालिकाको यस गरिमामय गाउँ सभा अध्यक्षज्यू,

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण संघर्ष, महान जनयुद्ध र विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्नेगरी जननिर्वाचित संविधानसभाबाट घोषणा भएको नेपालको संविधान बमोजिम गठित दार्मा गाउँपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभामा दार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । यसक्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहने व्यक्तित्वहरुको स्मरण गर्दै उच्च सम्मान गर्दछु ।

३. नेपाल सरकारले ऐतिहासिक सन्धि, नक्सा तथा प्रमाणका आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको क्षेत्रलाई समेटी नेपालको राजनीतिक र प्रशासनिक नक्सा अद्यावधिक गरी सार्वजनिक गरेकोमा दार्मा गाउँपालिका स्थानीय सरकार धन्यवाद सहित उच्च सम्मान व्यक्त गर्दछ ।

४. विश्वब्यापी रुपमा फैलिएको नोबेल कोरोना भाइरस कोभिड–१९ महामारीले सम्पूर्ण मानवजातिलाई नै आक्रान्त बनाएको छ । यसबाट स्वदेश र विदेशमा ज्यान गुमाएका नेपाली लगायत सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली र शोकाकुल परिवारजन प्रति समवेदना अर्पण गर्दछु । साथै, संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।यस विषम महामारीबाट जीवनरक्षाका लागि यस दार्मा गाउँपालिकाले लिइएको

नीति, कार्यक्रम र योजना कार्यान्वयका लागि अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्य कर्मी, सुरक्षाकर्मी, स्वयंसेवक, जनप्रतिनिधि, कर्मचारी, आम जनसमुदाय र आर्थिक तथा भौतिक रुपमा सहयोग गर्ने सबै सहयोगी महानुभावहरुलाई धन्यवाद दिदै थप सतर्कता र संयम अपनाउन समेत अपिल गर्दछु ।

५. हामी यतिबेला इतिहासमै अत्यन्त ठूलो चुनौतिको सामना गर्न बाध्य छौं । सीमित स्रोतबाट असीमित आवश्यकता सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ ।विकटता, विपन्नता र बेरोजगारीसँग जुँधिरहेको दार्मा गाउँपालिका हालको कोभिड १९ र बन्दाबन्दीको कारणले मानवीय र आर्थिक संकटको सामना गरिरहेको छ ।हाम्रा सबै सवाललाई योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्बोधन गर्न सक्दैन । यस कठिन घडिमा दार्मा गाउँपालिका वासी जनताको रक्षा नै हाम्रो प्रमुख दायित्व हो । महामारी, भोकमरी र रोजगारी हाम्रो बजेटका मुख्य प्राथमिकता हुन् ।

६. बजेट तर्जुमा गर्दा नेपालको संविधान र कानुन, नेपालको पन्ध्रौं योजना, कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, दीगो विकास लक्ष्य, यस सम्मानित सभाले पारित गरेको दार्मा गाउँपालिको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम, गाउँ सभाका सदस्यहरुबाट प्राप्त महत्वपूर्ण सुझाव मार्गदर्शन र कोभिड-१९ बाट सिर्जित परिस्थितिलाई बजेटको प्रमुख आधार बनाइएको छ ।

७. आर्थिक वर्ष २०७७।०७८ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०७६।०७७ को यस दार्मा गाउँपालिकाको बजेट कार्यान्वयन र राजश्वको अवस्था बारे विद्यमान अवस्था प्रस्तुत गर्दछु ।

८. आर्थिक वर्ष २०७६/०७७ का लागि आन्तरिक राजश्वको प्रक्षेपण २८ लाख ८१ हजार ३ सय गरिएकोमा ९ प्रतिशतले वृद्धि भई ३१ लाख ४४ हजार संकलन भएको छ । संघको राजश्व बाँडफाँटबाट ६ करोड ५२ लाख प्राप्त भएको । प्रदेश सरकार राजश्व बाँडफाँटबाट ६ लाख ७९ हजार प्राप्त भएको । संघीय सरकारको समानीकरणबाट अनुदान ८ करोड ३१ लाख प्राप्त भएको । चालु तर्फको सर्शत अनुदान १० करोड ३० लाख प्राप्त भएको छ। प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान १ करोड ९७ हजार रहेको छ । कुल बजेट २६ करोड ४९ लाख ५७ हजार ३ सय रहेको छ । अल्या ३ करोड सहित कुल जम्मा २९ करोड ४९ लाख ५७ हजार ३ सय रहेको छ ।

९. चालु आर्थिक वर्षमा जम्मा योजनाहरु १ सय १३ ओटा मध्ये टेन्डर भई प्रस्ताव नआएका २ वटा बाहेक १ सय ११ ओटा योजना सम्पन्न भएका छन् । सडकतर्फ ३४ वटा, सिंचाइतर्फ १० वटा, भवनतर्फ २२ वटा, खानेपानी तर्फ ३३ वटा, विद्युत विस्तारतर्फ १ ओटा र अन्य योजनाहरु ०७ ओटा सम्पन्न भएका छन् । झोलुङ्गे पुल २ वटा टेन्डर भई सम्झौता भएका तर काम सुरु नभएको अवस्था छ । दार्माखोला बालुवा गिट्टी र मासगार खोला बालुवा गिट्टीका लागि पटक पटक टेन्डर आह्वान गर्दा पनि टेन्डर पर्न सकेन । कोरोना (भाइरस कोभिड १९) का कारण ६५ लाख ९२ हजारका १७ वटा योजनाहरु प्रभावित भएका छन्

१०. गरिबी तथा स्रोत र अवसरमा कमजोर रहेको दार्मा गाउँपालिकाको विकास र जनताको जीवनस्तरका लागि सरकारको महत्वपूर्ण भूमिका रहेको छ ।

११. संघीयताको नयाँ अभ्यासलाई सफल बनाउन संस्थागत क्षमताको विकास, तत्कालीन आवश्यकताको परिपूर्ति र दीर्घकालीन महत्वका विकास कार्यमा केन्द्रित दार्मा गाउँपालिका स्थानीय सरकार कोरोना भाइरसको महामारी र बन्दाबन्दीका कारण चालु आर्थिक वर्षको केही बजेट तथा कार्यक्रम कार्यान्वयन प्रभावित भएको सर्वविदितै छ ।

१२. दार्मा गाउँपालिका स्थानीय सरकार जनताको जीवन रक्षाका लागि विश्वमहामारीको रुपमा रहेको कोभिड १९ विरुद्ध सुरुवात देखिनै यसको नियन्त्रण, रोकथाम, प्रतिकार्य र उपचारका लागि योजनाबद्ध रुपमा क्रियाशिल रहेको छ ।

१३. यसका लागि दार्मा गाउँपालिकाले २८ वटा क्वारेन्टाइन सञ्चालन, ३५ वेडको आइसुलेसन उपचारको प्रबन्ध मिलाउनुका साथै देशभित्र र भारतबाट सिमा नाकामा आइ अलपत्र परेको दार्मा वासी नागरिकको उद्दार, विपन्नलाई रातह र सहज रुपमा खाद्यन्नको आपूर्तिका लागि चार वटा सहकारी मार्फत सुपथ मूल्यको पसल सञ्चालन गरिएको छ ।

१४. हालसम्म कोभिड १९ रोकथाम, नियन्त्रण र उपचारका लागि स्थापित विपद् व्यवस्थापन कोषमा प्रदेश सरकार, उद्योगी, व्यापारी, कर्मचारी, सर्वसाधारण लगायतका दाताबाट ७५ लाख जम्मा भएको र उक्त कोषबाट कोभिड नियन्त्रण, रोकथाम र उपचारका लागि हालसम्म ६६ लाख खर्च भएको यस सम्मानित सभालाई जानकारी गराउँछु । यस संकटको व्यवस्थापनको लागि नगद र जिन्सी सहयोग गर्ने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

१५. कोभिड -१९ नियन्त्रण, प्रतिकार्य र उपचारमा आफ्नो जीवनको प्रवाह नगरी अग्रपंक्तिमा रहेर अहोरात्र क्रियाशिल स्वास्थ्यकर्मी, स्वयंसेवक, कर्मचारीहरुको सेवाप्रति कदर सहित हार्दिक आभार प्रकट गर्दै अझै उच्च मनोबलका साथ आफ्नो कर्तव्य पूरा गर्न विनम्रताका साथ अनुरोध गर्दछु । हामी तपाईंहरुको सेवा र समर्पणको सम्मान गर्नेछौं । त्यसरी नै आफ्नो जिम्मेवारीमा निरन्तर खटिनु भएका सुरक्षाकर्मी र सवारी चालकलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१६. यस महामारी नियन्त्रणमा आवश्यक सहयोग र समन्वय गर्नुहुने माननीय जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा आदरणीय जनसमुदायलाई धन्यवाद व्यक्त गर्दै निरन्तर सहयोगको लागि हार्दिक अपिल समेत गर्दछु ।

१७. कोभिड - १९ को कारणले मुलुक र प्रदेश बाहिर रोजगारीका लागि गएका १ हजार ४ सय १६ जना नागरिकहरु घर फिर्ता भएका छन् । विगतदेखि नै खाद्य संकट भोगिरहेको यस दार्मा गाउँपालिकाले हाल थप समस्या सामना गर्नुपर्ने अवस्था आउन सक्छ । गाउँपालिकाभित्र बेरोजगारी समस्या बढेको यस

अवस्थामा घरफर्किएका व्यक्तिहरुलाई श्रम र उत्पादनसँग जोडेर कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न र स्वरोजगारको जग बसाल्ने अवसर समेत रहेको छ भन्दा अतियुक्ति नहुने मेरो ठम्याइ छ ।

१८. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र जीवनस्तर सुधारका कार्यक्रममा संघीयताको मर्म अनुरुप वडा र वस्ती तथा सरोकारवालासँग सहकार्य गरिएको छ ।

१९. अब म आर्थिक वर्ष २०७७/०७८ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) कोभिड १९ को महामारीबाट जनताको जीवन रक्षा गरी जनजीवनलाई सुरक्षित र सहज बनाउने ।

(ख) खाद्यन्न संकट हुन नदिन आधारभूत आवश्यकताका दैनिक उपभोग्य वस्तुको भण्डारण र सहज आपूर्तिको सुनिश्चित गरि जनतालाई भोकमरीबाट बचाउने ।

(ग) नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रको थप विकास, विस्तार र संस्थागत सुदृढीकरण गर्ने ।

(घ) उत्पादन र उत्पादकत्व वृद्धि गरि रोजगारीका अवसर सिर्जना गर्ने ।

(ङ) आर्थिक अनुशासन, नवीन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरि सुशासन कायम गर्ने ।

२०. बजेटका उल्लिखित उद्देश्यहरु प्राप्त गर्न मैले देहाय अनुसार बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरिएको छ :

(क) कोभिड १९ को महामारीबाट दार्मा गाउँपालिका नागरिकलाई सुरक्षित राख्न क्वारेन्टाइन एवम् आइसोलेसन व्यवस्थापन, अत्यावश्यक औषधि, स्वास्थ्य सामग्री एवम् उपकरणको उपलब्धता र उपचारको व्यवस्था मिलाउने,

(ख) अत्यावश्यक खाद्यन्नको भण्डारण, खाद्य सुरक्षा र भरपर्दो आपूर्ति व्यवस्था गर्ने ।

(ग) रोजगारमूलक विकास र उद्यमशिलताको माध्यमबाट आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवनस्तरमा सुधार गर्ने।

(घ) कृषि, उद्योग, वन, पर्यटन र निर्माण लगायतका क्षेत्रको पुनरुत्थान गरी उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने ।

(ङ) स्वास्थ्य र शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, नवीन प्रविधि र संस्थागत क्षमता विकास गर्ने ।

(च) सडक, उर्जा, खानेपानी, सिंचाइ लगायतका भौतिक पूर्वाधार विकास गर्ने ।

(छ) सुशासन र सदाचार प्रर्वद्धन गर्ने।

२१. आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गर्दा कोभिड १९ बाट सिर्जित महामारी र सम्भावित खाद्यन्न संकटबाट जनतालाई जोगाउँदै 'रोकौं महामारी, उठाऔं पूर्वाधार, बढाऔ उत्पादन बनौं स्वरोजगार' मूल

नाराका साथ दार्मा गाउँपालिका स्थानीय सरकारको आर्थिक वर्ष २०७७।०७८ को बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

२२. चालु आयोजनाको कार्यान्वयनका लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई शीघ्र अगाडि बढाउने कार्यक्रममा जोड दिइएको छ ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

अब यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्षको बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु :

२३. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइने छ । स्वास्थ्य क्षेत्रका लागि सशर्ततर्फ २ करोड ६ लाख र गाउँपालिकाबाट १ करोड २५ लाख ६१ हजार बजेट बिनियोजन गरिएको छ।

२४. विश्व महामारी कोभिड १९ को नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी कार्यक्रम संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाबाट रु. ९ लाख विनियोजन गरिएको छ ।

२५. स्वास्थ्य सेवालाई सरल, सहज र प्रभावकारी बनाइने छ । गाउँपालिकाको केन्द्रमा आधारभूत सुविधा सहितको अस्पताल निर्माण गरिनेछ ।पालिका स्तरीय अस्पाताल सञ्चालनका लागि औजार, उपरकण, ल्याव सामग्री खरिदका लागि २५ लाख बजेट बिनियोजन गरिएको छ । प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र र स्वास्थ्य चौकीको स्तरवृद्धि, औषधि उपकरणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२६. महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीहरुको क्षमता विकास र कार्यसम्पादन सहज हुने गरि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२७. आयुर्वेद उपचार पद्धतिलाई प्रोत्साह गरिने छ । आयुर्वेद शाखाको स्थापना तथा व्यवस्थापनका लागि रु. ८ लाख ५ हजार विनियोजन गरिएको छ।

२८. स्वास्थ्य संस्थाबाट नियमानुसार नि:शुल्क औषधि प्रदान गर्ने कार्यलाई प्रयास बनाइनेछ । त्यसका लागि रु. २० करोड बिनियोजन गरिएको छ।

२९. दार्मा गाउँपालिकामा घरमा हुने सुत्केरीको संख्या शून्य बनाइनेछ । त्यसका लागि दार्मा गाउँपालिकामा रहेका प्रसुतीगृहमा सुत्केरी हुन आउने महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

सभाध्यक्षज्यू

अब कोभिड १९ को महामारीबाट सिर्जना हुन सक्ने सम्भावित भोकमरीबाट जनतालाई बचाउन सञ्चालन गरिने खाद्य सुरक्षा र आपूर्ति व्यवस्था सम्बन्धी कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३०. आधारभूत खाद्य सुरक्षाको प्रत्याभूति गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरी खाद्यन्न लगायतका आधारभूत आवश्यकताका वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ । श्रममा आधारित खाद्यन्न कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि रु.१२ लाख बजेट बिनियोजन गरिएको छ ।

३१. निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको सहकार्यमा खाद्यन्न उत्पादनलाई प्रोत्साहन गरिनेछ। कृत्रिम अभाव र कालोबजारीलाई नियन्त्रण गरी उपभोक्ता हित प्रवर्द्धन गरिनेछ ।

सभाध्यक्ष महोदय

श्रम, रोजगारी र राहत क्षेत्रका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

उत्पादन र उद्यमशीलताको विकासका लागि यस आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई मैले रोजगारीमा केन्द्रित गरेकी छु । अब म श्रम, रोजगारी र राहत सम्बन्धी कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु ।

३२. कोभिड १९ को महामारीबाट स्वदेश र विदेशमा रोजगारी गुमाएका तथा बेरोजगार श्रममूलक रोजगारीको माध्यमबाट विकास क्रियाकलापसँगै रोजगारी सिर्जना गरिनेछ । यस महामारीबाट जोखिममा परेका बालबालिका, वृद्ध, अशक्त, दीर्घरोगी र अपाङ्गता भएका व्यक्तिलाई उचित राहत उपलब्ध गराइनेछ ।

३३. उद्यमीसँग उपाध्यक्ष कार्यक्रमको माध्यमबाट कृषि र उद्योग क्षेत्रमा युवा उद्यमीको विकास गरि स्वरोजगार सिर्जना गरिनेछ । गाउँपालिकाभित्र कार्यक्रम सञ्चालन गर्ने संघसंस्थाहरुले गाउँपालिकासँग सहकार्य गरि एकद्वारा प्रणालीबाट सञ्चालन गरिनेछ । लक्षित वर्गका कार्यक्रम समेटेर उद्यमीसँग उपाध्यक्ष कार्यक्रमको लागि ५८ लाख बिनियोजन गरिएको छ ।

३४. सडक पूर्वाधारको विकास गरि यातायातलाई भरपर्दो र पहुँचयोग्य बनाइनेछ । पालिका भित्र सडक विस्तार तथा स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ । ठुला लागतका सडकहरुको लागि संघ प्रदेश र स्थानीय सरकारको सहकार्यमा निर्माण अगाडि बढाइनेछ । सडक क्षेत्रको पूर्वधार विकासको लागि ५ करोड १५ लाख २८ हजार बजेट विनियोजन गरिएको छ । मौलेखाली – सिलिङ्गी - भुरुङखोला सडक स्तरवृद्धिका लागि ९८ लाख बजेट रहेको छ । मौलोहाले - फारुला - दार्माकोट नुवाकोट सडक अन्तरगत फारुला दार्माकोट स्यालागाउँ खण्डका लागि रु ५० लाख बजेट विनियोजन गरिएको छ । उम्मगाउँ- ठानागाउँ- विष्टगाउँ - लाकुरीबोट- नुवाकोट सडक स्तरवृद्धिका लागि पनि ९८ लाख बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय

अब कृषि, वन तथा वातावरण क्षेत्रका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।

३५. परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई रुपान्तरण गरि उत्पादन तथा उत्पादत्वमा वृद्धि गर्न कृषि प्रणालीमा व्यवसायीकरण गरिनेछ । कृषकलाई 'विक्रि परिमाणमा प्रोत्साहन, उत्पादन लागतमा अनुदान' भन्ने ध्येयका साथ कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि कृषि क्षेत्रमा कुल ५० लाख विनियोजन गरिएको छ ।

३६. सिंचाइ सुविधा उपलब्ध गराइ कृषिमा उत्पादकत्व वृद्धि गर्न सिंचाइ आयोजना निर्माण कार्यलाई जोड दिइने छ ।प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमकाबाट श्रम र गाउँपालिकाबाट निर्माण सामग्री खरिद

गरि सिंचाइ आयोजना बढीभन्दा बढी निर्माण गरिनेछ । यसका लागि निर्माण सामग्री खरिद गर्न एकमुष्ट ६० लाख बजेट विनियोजन गरिएको छ ।

३७. खेतीयोग्य बाँझो जमिनको उत्पादनमूलक प्रयोग, चक्लाबन्दी, सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ ।

३८. पशु क्षेत्रको व्यवसायीकरण गरि आत्मनिर्भर बनाउन पशु व्यवसाय प्रवर्दनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यस क्षेत्रका लागि कुल ४४ लाख बजेट विनियोजन गरिएको छ । भैसीपालन प्रोत्साहन कार्यक्रमका लागि पाँच लाख बजेट विनियोजन गरिएको छ ।

३९. सामुदायिक वन, सहकारी वा समुदायलाई परिचालन गरि वनजन्य उत्पादनबाट आम नागरिकको आयआर्जन र रोजगारी वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. मालिका, दार्माकोट, मलिबाङ, गुफा, वादने, चिप्ले, त्रिवेणी, ढाकाडामकोट, मैनेरी लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरि पर्यटनको आकर्षक गणतव्य बनाउन पूर्वाधार विकास गरिनेछ । यसका लागि पाँच लाख बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय

अब शिक्षा क्षेत्रका कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु :

४१. श्रमप्रति आस्थावान, दक्ष, सचेत र राष्ट्रपति वफादार नागरिक तयार गरि सभ्य समाजको निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिइएको छ । दार्मा गाउँपालिकभित्रको शिक्षालाई सबल र गुणस्तरीय बनाउन शिक्षा क्षेत्रमा कुल १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

४२. विद्यार्थी संख्या अधिक र शिक्षक संख्या न्यून रहेको यस दार्मा गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात मिलाउन गाउँपालिका स्वयंसेवक शिक्षक परिचालन गरिनेछ । यसका लागि १ करोड बजेट विनियोजन गरिएको छ ।

४३. जनज्योति मावि नमुना विद्यालय विकासका लागि १ करोड ५० लाख विनियोजन गरिएको छ ।

४४. माध्यमिक तहका अनिवार्य विषयको पठनपाठनका लागि शिक्षक र विद्यार्थीबीच दोहोरो कुराकानी हुने भर्चुअल कक्षा सञ्चालन गरिनेछ । यसका लागि ७ लाख बजेट विनियोजन गरिएको छ ।

४५. विद्यालय शिक्षामा नवीनतम प्रविधि प्रयोग गर्न सबै माध्यमिक र आधारभूत तह सञ्चालित विद्यालयहरुमा इन्टरनेट र कम्प्युटर जडान गरिनेछ । यसका लागि ७ लाख ९० हजार बजेट विनियोजन गरिएको छ

। अनाथ बालबालिका र अभिभाकत्व ग्रहण गर्ने अभिभावकहरुलाई प्रोत्साहनका लागि रु. १ लाख विनियोजन गरिएको छ ।

४६. खेल क्षेत्रको स्तरोन्नती र खेलाडीको वृत्ति विकास लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि ६ लाख बजेट विनियोजन गरिएको छ ।

४७. आधारभूत खानेपानीको सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न र गुणस्तर वृद्धि गर्न खानेपानी आयोजना सञ्चालन गरिनेछ । खानेपानी आयोजना सञ्चालनका लागि कुल ३ करोड ६ लाख बजेट विनियोजन गरिएको छ । यस अन्तर्गत राष्ट्रिय मावि दार्माकोट लिफ्टखानेपानी आयोजनाका लागि ८० लाख बजेट विनियोजन गरिएको छ । दार्माखोला फारुलाबजार लिफ्ट खानेपानी आयोजनाका लागि ९० लाख बजेट विनियोजन गरिएको छ ।कर्जेखोला लिरापाँजा लिफ्टखानेपानी योजनाका लागि रु २० लाख बजेट विनियोजन गरिएको छ ।

४८. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई थप व्यवस्थित बनाउन सहकार्य गरिनेछ । निर्माण सामग्री खरिद तथा व्यवस्थापनका लागि १० लाख बजेट विनियोजन गरिएको छ ।

४९. न्याय र समानता हाम्रो प्रतिवद्धता भन्ने मुल ध्येयका साथ गाउँपालिकाको न्यायिक समितिमार्फत छिटो छरितो विवाद मेलमिलापको प्रबन्ध मिलाइने छ । वडा मेलमिलाप केन्द्रको क्षमता विकास गरिनेछ । यसका लागि ७ लाख बजेट विनियोजन गरिएको छ ।

५०. सहकारी संस्था, सामुदायिक भवन (आमा समूह, महिला समूह, बालक्लव, धार्मिक संस्कृति, मठ मन्दिर, मन्डली लगायतका) संरचना निर्माणमा गाउँपालिका र सम्बन्धित संघसंस्था तथा समुदायको साझेदारी गरिनेछ । यसका लागि रु. १५ लाख बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्षज्यू

५१. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्न रु. ३९ करोड ९ लाख ८७ हजार विनियोजन गरिएको छ । कुल विनियोजन मध्ये प्रस्तावित पुँजीगत खर्च रु. १६ करोड ३७ लाख अर्थात् ४१.८३ प्रतिशत विनियोजन गरिएको छ । प्रस्तावित चालु खर्च तर्फ २२ करोड ७२ लाख ४१ हजार अर्थात् ५८.११ प्रतिशत विनियोजन गरिएको छ । उल्लेखित चालु खर्च अन्तर्गत सर्शत अनुदान संघबाट हस्तान्तरित कार्यक्रम तर्फ १३ करोड ०९ लाख र कार्यक्रम तथा प्रशासनिक खर्चतर्फ रु. ५ करोड ७४ लाख ५२ हजार अर्थात् कुल विनियोजनको १४.६९ प्रतिशत रहेको तथ्य सम्मानित सभा समक्ष जानकारी गराउछु ।

५२. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजश्वबाट रु. ४६ लाख २४ हजार ४ सय १० चालु आर्थिक वर्षको खर्च नभई बाँकी रहन जाने अनुमानित रकम रु ३ करोड ६३ लाख ४३ हजार, संघीय सरकारबाट राजश्व बाँडफाँड बापत प्राप्त हुन आएको रकम रु. ६ करोड ६४ लाख ६८ हजार, वित्तीय समानीकरण अनुदान संघबाट प्राप्त हुन आएको रु. ८ करोड ७१ लाख र सर्शत अनुदान संघबाट प्राप्त रु. १३ करोड ९ लाख र विशेष अनुदान संघबाट प्राप्त रकम रु ३ करोड २० लाख रहेको छ ।त्यसैगरी राजश्व बाँडफाँड प्रदेशबाट रु. ६ लाख ४ हजार, समानीकरण अनुदान प्रदेश १ करोड १६ हजार, प्रदेशकै समपूरक १ करोड ४० लाख, विशेष अनुदान प्रदेश रु ५० लाख र प्रदेश सर्शत अनुदान रु. ५० लाखको स्रोत परिचालन हुनेछ ।

५३. अन्तमा बजेट तयारका लागि विभिन्न माध्यमबाट सुझाव प्रदान गर्नुहुने गाउँ सभा अध्यक्ष, सम्मानीत गाउँ सभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, उद्योगी, व्यापारी, वुद्धिजीवि, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

**प्रस्ताव नं. २** माथि योजना, कार्यक्रम र बजेटमाथी छलफल गर्न २०७७।०३।१५ गते विहान ११ बजेसम्मको लागि गाउँसभा स्थगित गर्ने निर्णय गरियो ।